# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडासँग बैंक तथा वित्तीय संस्था निक्षेपकर्ता संघको प्रतिनिधिमण्डलले असार १४ गते भेट गरी एक ज्ञापनपत्र मार्फत् कारवाहीमा परेका बैंक तथा वित्तीय संस्थाबाट पीडित निक्षेपकर्ताको हितका निम्ति ध्यानाकर्षण गरायो ।



ज्ञापनपत्रमा कारवाहीमा परेका बैंक तथा वित्तीय संस्थाका अभियुक्त सञ्चालकबाट असुल गर्नुपर्ने बिगो बापत रोक्का राखिएको जायजेथा सार्वजनिक गर्नुपर्ने, विगतमा भएका वित्तीय अपराध छानविन गर्न एक स्वतन्त्र कार्यदल गठन गर्नुपर्ने, नेपाल शेयर मार्केटस् लि.का निक्षेपकर्तालाई त्यहाँ उठेको रकम समानुपातिक रूपमा फिर्ता दिलाइनुपर्ने, कारवाहीमा परेका बैंक तथा वित्तीय संस्थाका वर्तमान व्यवस्थापकले प्रभावकारी रूपमा कार्य गर्नुपर्ने, कारवाहीमा परेका वित्तीय संस्थाका सञ्चालक-व्यवस्थापकले आफ्नो समूहमा प्रवाह गरेको कर्जा अविलम्ब असुल उपर गर्नुपर्ने, क्यापिटल मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स कं लि. का निक्षेपकर्ताले आफ्नो निक्षेप फिर्ता पाउने व्यवस्था तुरुन्त गर्नुपर्ने लगायतका विषयमा ध्यानाकर्षण गराइएको थियो ।

भेटका अवसरमा गभर्नर खतिवडाले बैंक तथा वित्तीय संस्थाहरूले निक्षेपकर्ताको सुरक्षालाई पहिले ध्यान दिनुपर्ने र यसलाई नेपाल राष्ट्र बैंकले पनि गम्भीर रूपमा लिई कार्य गरिरहेको धारणा राख्नु भयो । निक्षेपकर्ताको हितका पक्षमा प्रतिनिधिमण्डलले उठाएका सुझाव कार्यान्वयन गर्नका लागि विद्यमान कानुनी व्यवस्थाको अधिनमा रही बैंकले अधिकतम पहल गर्ने आश्वासन दिनुहुँदै उहाँले कारवाहीमा परेका वित्तीय संस्थाबाट सर्वसाधारण निक्षेपकर्ताको निक्षेप फिर्ता गर्ने कार्यका लागि Cash Planning गर्नेतर्फ बैंक अघि बढिरहेको जानकारी उहाँले दिनुभएको थियो । साथै, ती वित्तीय संस्थाबाट सर्वसाधारणको निक्षेप सुरक्षित रूपमा फिर्ता गर्ने कार्यमा बैंक सजग रहेको समेत उहाँले स्पष्ट पार्नुभयो ।

२०६९ असार १४ गते विहीबार

गभर्नरको कार्यालय